आ व २०७४/७५को लागि स्वामी कार्तिक गाँउपालिकाका
अध्यक्ष श्री चिरन्जीवी शाहीद्धारा

प्रथम गाँउ सभामा प्रस्तुत

# नीति तथा कार्यक्रम

स्वामी कार्तिक गाँउपालिका
वाई, बाजुरा

मिति २०७४ असोज २ गते



Scanned by CamScanner

ऐतिहासिक प्रथम गाँउ सभाका अध्यक्ष ज्यु

सभाका सदस्य ज्युहरु तथा अन्य उपस्थित महानुभावहरु ,

नेपाली जनताको लामो संघर्ष र बलीदानबाट प्राप्त नेपालको संविधान र राज्यको पुर्नसंरचना पश्चात सम्पन्न स्थानिय तहको निर्वाचन मार्फत प्रथम पटक सम्पन्न हुन गईरहेको यस प्रथम ऐतिहासिक गाँउ सभा मार्फत व्यवस्था परिवर्तन र बिभिन्न आन्दोलनमा सहादत प्राप्त अमर शहिदहरुलाई उच्च सम्मान सहित हार्दिक श्रदाभाव राख्दछु । साविकको यस क्षेत्रको समग्र विकासका लागि महत्वपूर्ण योगदान दिनुहुने यस समाजका सम्पूर्ण पुर्व अग्रज व्यत्तित्वहरुलाई यस सभाको अवसरमा स्मरण गर्न चहान्छु । साथै स्वामी कार्तिक गाँउपालिका बनाउन पहल गर्ने र यस गाँउ पालिकाको विकास र सम्वृद्धिका लागि आबश्यक सुझाव प्रदान गर्नु हुने सम्पुर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दछु ।

बाजुरा जिल्लाको बिकट तर सुन्दर सम्भावना वोकेको स्वामीकार्तिक गाँउपालिकाको पुर्वमा कालिकोट र मुगु जिल्ला पश्चिममा पाण्डव गुफा गाउपालिका, उत्तरमा हिमाली गाउपालिका र दक्षिणमा कालिकोट जिल्ला संग सिमाना जोडिएको छ । ११०.५० बर्ग कि मी क्षेत्रफलमा फैलिएको यस गाँउपालिकामामा २४ सय ४२ घरधुरीका १४,९०९ व्यक्तिहरु बसोबास गर्दछन । ३०.१३ प्रतिशत दलित, ४२.४२ प्रतिशत क्षेत्री, ८.०८ प्रतिशत बाहुन, १५.५६ प्रतिशत ठकुरी र ३.८० प्रतिशत सन्यासी/दशनामी समुदायको बसोबास रहेको यो गाँउपालिका साविकको साप्पाटाका विकट बस्ती लौठी, उपरगाउ देखि साविकको वाई गाविसको मिगुको बस्ती समेत पर्दछ । पानीका स्रोत अत्यन्तै कम भएको यस गाँउपालिकामा खेतियोग्य जमिन भएर पनि खडेरी र भोकमरी समस्याले ग्रसित छ । ३ वटा स्वास्थ्य चौकी, ६ वटा माध्यामिक बिद्यालय, २० वटा आधारभुत बिद्यालय , २४ वटा बालविकास केन्द र २ वटा निजि विद्यालय स्थापना भएता पनि स्वास्थ्य र शिक्षाक्षेत्रको अवस्था दयनिय देखिन्छ ।

यस गाँउ पालिकाको मुखैमा वगीरहेको कर्णाली नदी र निकट भविष्यमा संचालन हुने कर्णाली कोरिडोर को उपयोग यस गाँउ पालिकाको प्रमुख संम्भावना हुन । २ बर्षभित्र गाँउपालिकाका सबै वडा केन्द्रमा मोटर बाटो पुर्याउने र २ बर्ष भित्र सबै गाँउमा विजुली बाल्ने दृढ संकल्प गर्दै यस आ.व. मा कार्यान्वयन गरिने निति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चहान्छु ।

## आ व २०७४/७५मा प्रस्तुत स्वामीकार्तिक गाउँ पालिकाको नीति तथा कार्यक्रम

सभाका अध्यक्ष महोदय,

### (क) कृषि तथा पशुपालन व्यवसाय

१. कृषि क्षेत्रको आधुनिकिकरण तथा उत्पादनमा बृद्धि गर्दै एक गाउँ एक उत्पादनको नीति अनुरुप प्रत्येक वडालाई पकेट क्षेत्रको रुपमा विकास गरी एक वडा एक नर्सरी स्थापना गरिनेछ ।
२. व्यक्तिगत बाँझो जग्गाहरुको लगत संकलन गरी सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
३. स्थानीय बालीको जर्गेना गर्नका लागि विउ उत्पादन तथा संरक्षणको लागि विउ बैंकको व्यवस्थापन तथा थप स्थापना गरिनेछ ।
४. रैथाने बालीको उत्पादनलाई वढावा दिनुका साथै बजारीकरणका लागि समन्वय गरिनेछ ।



चिरञ्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

५. स्याउखेतिको बिस्तार,आधुनिक प्रविधिको प्रयोग र उत्पादित स्याउको संरक्षणका लागि कोल्ड स्टोर स्थापना गरी बजारिकरण गरिनेछ ।
६. स्याउको जुस, जाम, चाना र वाइन उत्पादन गर्न आवश्यक प्रविधिहरु भित्राइनेछ ।
७. स्याउ, नासपाति, जैतुन, ओखर, अनार, आँप, सुन्तला, र कागति जस्ता फलफूल खेतीलाई व्यवसायिक रुपमा बिस्तार गर्नका लागि कृषकलाई प्रोत्साहित गरिनेछ ।
८. व्यवसायीक मौरीपालनका लागि आवश्यक तथा प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ ।
९. अगुवा कृषकहरुलाई तालिम,भ्रमण, प्रोत्साहनको व्यवस्था गरिनेछ ।
१०. माटो परीक्षण गर्नका लागि सम्वन्धित निकायमा समन्वय गरि माटो सुहाउदो बालीको प्रर्वधनका लागि पहल गरिनेछ ।
११. स्वामीकार्तिक गाउँपालिकालाई आलु, स्याउ र अन्नवालीको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । स्याउ र आलु उत्पादन गर्ने कृषकहरुलाई तालिम दिई उन्नत जातको विऊविजन सहुलियत दरमा वितरण गरि आगामी ३ वर्ष भित्र स्याउ र आलुमा आत्मनिर्भर गाउँपालिका वनाइनेछ ।
१२. आधुनिक कृषि प्रविधिको विकासमा विशेष जोड दिइने छ ।
१३. व्यवसायिक पशुपालनमा विशेष अनुदानको व्यवस्था गरि भेडा,वाखा र कुखुरा फर्म स्थापना गरि यूवाहरुलाई रोजगारी सृजना गरिने खाका कार्यक्रमलाई प्रात्साहित गरिनेछ ।
१४. गाँऊपालिका भित्र पशु स्वाथ्य शिविर, पशु स्वास्थ्य उपचार, गोठे मलसुधार र भकारो सुधार कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।
१५. एग्रोभेट स्थापना गर्नका लागि युवा व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
१६. व्यवसायीक पशुपालन गर्ने कृषकलाई उन्नत जातको राँगा, बोका, साँढे खरिद तथा ढुवानीमो किसानलाई अनुदान दिईने नीति लिइने छ ।
१७. जैतुन जोन कार्यालयसंग समन्वय गरी जैतुन संरक्षण तथा प्रर्वधन गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
१८. परिक्षणका लागि उन्नत जातको स्याउको विरुवा भित्रयाईने छ ।
१९. कपास खेति, उन्नत जातको वदाम खेति लगायतका खाद्यन्न फलफुल तथा नदगेवालीको प्रवधनका लागि कृषक संग मनमोहन कार्यक्रम संचालन गरिने छ ।
२०. यस क्षेत्र खडेरी र भोकमरीलाई मध्यनजर गर्दे गाउपालिकावाट सञ्चालन हुने ठुला योजनाहरुको केही रकम कामका लागि खाद्यन्न मार्फत कार्य गराईने छ ।

### (ख) शिक्षा तर्फ

१. वालविकास, आधारभुत र माध्यामिक विद्यालयको भौतिक पुर्वाधारमा जोड दिइनेछ ।
२. शिक्षाको गुणस्तर सुधार्नका लागि प्रत्येक विद्यालयमा ग्रेड टिचिङ्ग लागु गर्न विद्यायलाई प्रोत्साहित गरिनेछ । गैसस संग समन्वय गरि तालिमको व्यवस्था गरिनेछ ।
३. नयाँ शैक्षिक शत्रवाट कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यम वाट शिक्षण गर्ने विद्यालयलाई थप सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।
४. माध्यमिक विद्यालयलाई सूचना, सञ्चार र प्रविधि सँग जोडनका लागि विज्ञान प्रयोगशाला, पुस्तकालय र इन्टरनेट जडानका लागि तत्काल कार्य थालनी गरिनेछ ।



चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

५. प्राविधिक शिक्षा संचालन गर्नका लागि जिल्ला शिक्षा कार्यालय, क्षेत्रिय शिक्षा निर्देशनालय, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद (CTEVT), शिक्षा विभाग र मन्त्रालय संग समन्वय गरिनेछ ।

६. गाँऊपालिका स्तरीय शिक्षा समिति गठन गरि शिक्षाको गुणस्तर सुधारका लागि अनुगमनलाई प्रभावकारी बनाइनुका साथै पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

७. गाउपालिका भित्रको कुनै एक उमाविलाई विज्ञान र व्यवस्थापन विषय अध्यापनका लागि विशेष पहल गरिने छ ।

८. शिक्षाको गुणस्तर वढाउनका लागि केन्द्रिय नीति अनुरुप विद्यालय समायोजन तथा स्थापना गर्ने नीति लिईने छ ।

९. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय भित्र कुनै पनि राजनितिक दलका कार्यक्रमहरु संचालन गर्न नदिने व्यवस्था मिलाईने छ ।

१०. सामुदायीक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सुचना केन्द्र र पुस्तकालयको रुपमा विकास गरिने छ ।

**(ग) स्वास्थ्य सेवा**

१. स्वामीकार्तिकको नारा ***"पोषण युक्त खाना कुपोषण मुक्त समाज "*** लाई आत्मसाथ गरी सोहि बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. स्वामीकार्तिक गाउँपालिकाको केन्द्रमा १५ शैयाको अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

३. स्वास्थ्य सेवाको पहुच बाट टाढा रहेका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाईको स्थापना,घुम्ती शिविर र मेडिक मोवाइल स्वास्थ्य सेवा अभियान संचालनका लागि पहल गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बृद्धबृद्धालाई स्वास्थ्य परिक्षणका लागि ६/६ महिनामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५. क्यान्सर, मुटु र मृगौला रोगीहरुको तथ्यांक संकलन गरी रोगीको उपचारका लागि नेपाल सरकार र सम्बन्धित निकाय संग समन्वय र आवश्यक उपचारका लागि सहयोग गरिनेछ ।

६. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार, आधारभुत स्वास्थ्य सेवामामा सवैको पहँच पुरयाउन स्वास्थ्य शिविर, सुत्केरीलाई पोषण आहार भत्ता, स्वास्थ्य स्वयम सेविकालाई कार्य सम्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

**(घ) खानेपानी तथा सरसफाई**

१. गाउँपालिका क्षेत्र भित्र **एक घर एक चर्पी,जुठयान र चाङको** नीति पुर्ण रुपमा लागु गरिनेछ आगामि ५ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

२. खानेपानी अभाव भएका गाउँ टोल र वस्तीको सम्भाव्यता अध्ययन गरी ५ वर्ष भित्र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

३. धार्मीक स्थलहरुमा सार्वजनिक सौचालय निर्माण गर्ने नीति लिइनेछ ।

४. खानेपानीको मुहान संरक्षण, निर्माण भएका र निर्माण हुने खानेपानी योजनामा मासिक बैठक, मर्मत सम्भार कोष, मर्मत संम्भार कार्यकर्ता र मासिक शुल्कको व्यवस्था गर्न लगाईने छ ।



Scanned by CamScanner

५. प्रत्येक खानेपानी योजनामा खानेपानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधि अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था गरिनेछ ।
६. घना वस्ति भएका गाउहरुमा ढल तथा नाला र खानेपानीका पाईपलाई व्यवस्थित गरिनेछ ।
७. नयां बजार र नयां बस्ती बिकासका लागि एकिकृत बस्ती विकास योजनालाई समन्वयतात्मक रुपमा संचालन गर्न पहल गरिनेछ ।
८. खानेपानी तथा सिचाईका मुहानहरु तथा सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम गरिनेछ ।

### (ङ) पर्यटन प्रवर्द्धन तर्फ

१. गाँऊपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक,धार्मिक साँस्कृतिक,प्राकृतिक सम्पदालाई संरक्षण र सम्बर्द्धन गरी आर्थिक आयआर्जनको आधार बनाइनुका साथै । पर्यटन क्षेत्रको विकासका लागि अध्ययन अनुन्धान गर्नुका साथै स्थानीय कानुन बनाई लागु गरिनेछ ।
२. पिलु पार्क निर्माण, शिवालय संरक्षण र मसानघाट व्यवस्थापन, युवा उद्यमीको क्षमता विकास र पर्यटकको मनोरञ्जनको लागि कर्णाली नदीमा र्‍याफ्टिग तथा फिसिंग व्यवसाय संचालन गर्नका लागि प्रोत्साति गरिनेछ ।
३. स्वामी कार्तिक गाँउपालिकाको मुख्य प्रवेश द्धारमा गाँऊपालिकाको बस्तु स्थिति,ऐतिहासिक र धार्मिक विशेषताहरु झल्किने प्रवेश द्धार निमार्ण गरिनेछ ।
४. स्वामीकार्तिक गाउपालिका क्षेत्रभित्र मनाईने कला, लोक संस्कृति र स्थानिय चाडपर्वलाई समयानुकुल व्यवस्थित् रुपमा मनाउने ,बिकास र संरक्षण गर्न लोक साँस्कृतिक क्षेत्रमा क्रियाशि संघ संस्थाहरुलाई परिचालित गरिनेछ ।
५. गाउपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जगगाको नियमानुसार संरक्षण गर्ने निती लिईनेछ ।(जस्तै मन्दिर,माडु,गुठि,खुल्ला चौरहरु आदि)
६. गाउपालिका क्षेत्र भित्र रहेका मठ मन्दिर, ऐतिहासिक स्थल तथा धार्मिक पर्यटन क्षेत्रको अध्ययन अनुसन्धान गरी प्रचार प्रसार गरिने छ ।
७.-गाउपालिका क्षेत्र भित्रका ढुंगेधारा तथा पाटी पौवाहरुको संरक्षण तथा सर्म्वधन गर्ने नीति लिईने छ।

### (च) वन तथा वातावरण

१. प्राविधिक सहितको टोली द्धारा वन क्षेत्रको नाप जाँच तथा सार्वजनिक, कबुलियती वन र सामुदायीक वन क्षेत्रको निर्धारण गरिनेछ ।
२. राष्ट्रिय वन,सामुदायीक वन,धार्मिक वन,कबुलियती वन र नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
३. जिल्ला वन कार्यालयको समन्वयमा गाऊपालिका क्षेत्र भित्र वहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ ।
४. राष्टिय वन तथा सामुदायीक वनको जग्गा अतिक्रमण, खोरिया खन्ने, अवैध चोरी शिकारी, अवैध रुपमा काठ काट्ने तथा काठ निकाशी गर्ने र जडीबुटी निकाशी गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याई कारवाहीका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।
५. कवुलियती वनमा सामुहिक खेति (मसला,फलफुल र तरकारी) प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
६. हरेक मृत्यु हुने व्यक्तिको सम्झनामा रुख रोप्ने प्रचलनको आरम्भ गर्ने र यस अभियानलाई संस्कार संग जोड्दै लग्ने परम्परा थालनी गरिने छ ।

चिरञ्जिवी शाही
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

७. घरभित्रको धुवा न्यूनिकरण गर्नका लागि आधुनिक सुधारिएको चुलो जडान कार्यलाई अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवालहरु संग समन्वय गरिनेछ। गोवर ग्यास प्लान्ट जडान गर्ने घरधुरीलाई अनुदानको व्यवस्था गरिनेछ।

८. हरियाली वढाउ, खडेरीबाट मुक्त होऔं भन्ने नारालाई कार्यानवयन गर्न खाली क्षेत्रमा अनिवार्य बृक्षारोपण गर्ने र यसका लागि स्थानीय टोल विकास संस्था तथा सामुदायीक वनहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम ल्याईने छ।

९. वातावरण संरक्षणका लागि प्रत्येक वडामा एक उद्यान निर्माण कार्यलाई जोड दिनुका साथै निजी वनको अवधारणामा कार्य गर्न प्रोत्साहित गरिनेछ।

१०. गाउपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्यङ्कन र BIO Engineering को प्रविधि अबलम्बन गर्दै लगिनेछ।

१०. सामुदायिक वन र कबुलियत वन लाई व्यवस्थित बनाईनेछ।

११. वातावरण संरक्षणका लागि जलबायु परिबर्तन अनुकुलनका कार्यक्रम, वन तथा वातावरण संरक्षण कार्यक्रम संचालनका लागि पहल गरिने छ।

१२. बाढी र पहिरो बाट हुने धन जनको क्षति न्युनिकरणका कार्यहरु संचालन गरिनेछ।

१३. गाउपालिका क्षेत्र भित्र हुने बाढी, पहिरो ,आगलागी ,सुक्काखडेरी जस्ता प्राकृतिक विपती र अन्य कृतिम बिपत्तीबाट उद्धार गरी तुरुन्त राहत कार्य गर्न गाउपालिका , नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी ,नेपाली सेनासंग समन्वय गरी तुरुन्त उद्धार , प्राथमिक राहत र दर्घिकालिन योजना बनाउन गाउपालिका स्तरीय बिपद् व्यबस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१४. गाउपालिकामा विषद जोखिम व्यवस्थापन कोषको स्थापना गरी सञ्चालन गरिने छ।

१५. रुडीको पहिरोको रोकथामका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१६. गाउपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहरमैला व्यवस्तापन, हाटवजार संचालन जस्ता कार्यका लागि सार्वजनिक नीजि साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ। यसका लागि उद्योग बाणिज्य संघ लगायत अन्य सरोकारवाला निकाय संग सहकार्य गरिनेछ।

१७. कर्णाली नदीको संरक्षण तथा सर्म्वधन गरी कर्णाली नदीलाई गाउपालिकाको आयाश्रोतको प्रमुख आधारको रुपमा विकास गर्ने।

१८. हरित स्वामीकार्तिक गाउपालिका लाई हरियाली वनाउनका लागि मदन भण्डारी हरित कार्यक्रम मार्फत प्रत्येक वन पाखाहरुमा प्रत्येक घरले एक पानी खाल्डा खन्ने र एक रुख रोप्ने अभियान संचालन गरिनेछ।

### (छ) पूर्वाधार बिकास

#### १. स्थानिय सडक पुल तथा भो. पु.

१. गाउपालिका केन्द्र बाट सवै वडाकेन्द्र जोड्ने गरी वडा नं ५ को कालापहरा देखि वडा नं २ को पुलाँहा खोला सम्मको ग्रामिण सडकलाई नरजंग, नरजित, नरपति ग्रामिण सडक नामाकरण गरी यसै आ.व बाट निर्माण कार्य शुरु गरिनेछ।

२. स्वामीकार्तिक गाउपालिकामा ईन्टरनेटको सुविधाका लागि टेलिकम संग सम्वन्य गरिनेछ।

३. क्रमश सबै वडाकेन्द्रमा वडा कार्यालय भवन निर्माणको लागि घर जग्गा खरिद तथा निर्माणको कार्य यसै आ.व बाट शरुवात गरिनेछ।

४. कर्णाली लोकमार्ग संग यस गाउपालिकाको सडक सञ्जाल जोडनका लागि कर्णालीको उपयुक्त स्थानमा पक्की पुल निर्माण लागि आवश्यक समन्वय गरिनेछ। साथै लामाओडार देखि कालापहारा सम्मको कर्णाली किनारमा सडक निर्माणका लागि सडक विभाग संग समन्वय गरिने छ।



०७४/०६/०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

५. गाउपालिका क्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा वडा स्तरीय ,गाउपालिका स्तरीय र प्रदेश/संघ स्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरी कार्यन्वयन गरिनेछ ।

६. सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि पूजीगत बजेटबाट २ प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजिन गरिनेछ ।

७. हाल संचालन मा रहेका झोपुहरुको संरक्षण गरी नया झोलङ्गेपुलहरु आवश्वकता र सम्भाव्यताका आधारमा क्रमश निर्माण गर्न पहल गरिनेछ ।

८. गाउपालिकाका लागि आवश्वक पर्ने मेशिनरी औजार तथा ढुवानीका साधान खरिद गरिनेछ ।

## २. सिचाई

१. स्वामीकार्तिक गाउपालिकाको खेतियोग्य जमिन मा सिचाईका सुविधाका लागि सम्भाव्यता र लागत लाभका आधारमा सिचाई कुलो निर्माण गरिनेछ ।

२. भतेडी गाड, कोट कुलो र ढिकुरी कुलोबाट सिचाईको सम्भाव्यता अध्ययन तथा डिटेल सर्वे गरी निर्माण कार्यका लागि संघ तथा प्रदशे सरकार संग अनुरोध गरिने छ ।

३. कर्णाली नदिबाट लिफ्ट सिचाईको सम्भाव्यता अध्ययन गरी सम्भावित स्थानहरुमा थप लागानीको व्यवस्थाका लागि पहल गरिने छ ।

४. आवश्यक स्थानहरुमा सम्भाव्यता र औचित्यताका आधारमा सिचाई टँयाकी निर्माण गर्ने नीति लिईने छ ।

## ३. भवन तथा सहरी बिकास

१. गाउपालिका केन्द्र रहेको क्षेत्र तथा आसपासमा चालु आर्थिक बर्ष देखि सहरी तथा भवन निर्माण मागदण्ड २०७२ र राट्रिय भवन संहिता तथा मापदण्ड लाई सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा पालना गर्न लगाईने र आगामि आथिक बर्ष देखि क्रमश सबै वडाहरुमा व्यक्तिगत घर निर्माणमा समेत लागु गर्ने नीति लिईनेछ ।

२. गाउपालिकाको भवन निर्माणको कार्य यसै आ.व.बाट शूरु गरिने छ ।

३. स्वास्थ्य चौकी भवन तथा विद्यालयका भवनहरुको स्थलगत अनुगमन गरी जिर्ण तथा अपुग स्थानमा भवन निर्माणको कार्यलाई प्राथमिकता साथ समन्वय र पहल गरिने छ ।

४. घर, छाना तथा घटट निर्माणका लागि वडा तथा गाउपालिकाबाट अनुमति लिई निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

५. घर तथा छाना निर्माणमा छतमा काठ राख्ने कार्यका लागि पुर्जि रोक्का गर्ने र रुख काट्न वन्चरो प्रयोगलाई रोक लगाई आरा प्रयोग गर्ने नीति कडाईका साथ लागु गरिने छ ।

६. घर छाना निर्माणका लागि वडापालिका तथा गाउपालिकाबाट अनुमति लिई सके पछि मात्र सामुदायीक वनहरुले पुर्जि दिने व्यवस्था मिलाइने छ ।

## ४. उर्जा,लघु जलबिधुत तथा साना जलबिधुत (बैकल्पिक उर्जा)

१. स्वामीकार्तिक गाउपालिकाको क्षेत्रमा रहेका पानीको श्रोतहरुको अन्ध्ययन गरी विद्युत निर्माण गर्न सकिने भए प्राथमिकताका साथ निर्माण कार्य गर्ने नीति लिईनेछ ।

२. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग लाई प्राथमिकता दिईनेछ ।

३. गोवर ग्यास प्लान्टहरु निर्माणमा थप सुविधा दिई निर्माणमा किसानहरुलाई प्रोत्साहित गरिने छ ।

४. खाली खोला लघुजलविद्युतलाई यसै आ.व भित्र सम्पन्न हुने व्यवस्था मिलाईने छ भने स्वामीकार्तिक गाउपालिकालाई विधुतिकरण गर्न भुकाआँ, जुड्डी ल.ज. वि केन्द्र र जगन्नाथ ल.ज.वि.केन्द्र संग थप समन्वय वढाईने छ र जुकोटको दुर्गम क्षेत्रबाट निर्माण गरिएको ध्वस्त ल.ज आयोजनाको पूर्ननिर्माणका लागि सम्वन्धित निकायमा पहल गरिने छ । साथै अन्य श्रोतको खोजी गरी साना लघु जलविद्युत निर्माणको नीति लिईनेछ ।



२०७४/०८/०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

५. संचार

१. स्वीकार्तिक गाउपालिका भित्रका सवै स्थानहरुमा टेलीफोन तथा वडा केन्द्रहरुमा ईमेल ईन्टरनेट संचालनका लागि नेपाल टेलिकम संग समन्वय गरी टावर निर्माण तथा सेवाका लागि पहल गरिनेछ।

२. वायरलेस ईन्टरनेट प्रर्णालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिनेछ।

३. गाउपालिकाबाट संचालित विविध कार्यक्रम तथा सेवा प्रवाहको अधिकतम रुपमा सार्वननिक गरी पारदर्शिता र जबाफदेहितामा अभिवृद्धि गरिनेछ।

४. सुचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकाले सोको प्रत्याभुति गर्न गाउपालिकाले आफ्ना गतिबिधिहरु लाई विभिन्न माध्याम बाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

५. स्थानीय प्रत्रिका, एफ. एम रेडियो मार्फत गाँउपालिकाका गतिविधि तथा नीति नियमहरु आवश्वकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ।

६. सुचना र संचार क्षेत्रको संरक्षण, संवद्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

७. खोजमुलक र अनुसन्धानमुलक पत्रकारितालाई प्रवद्धन गर्न विभिन्न क्षमता विकास कार्यक्रम संचानल गरिनेछ।

(ज) विपद व्यवस्थापन

१. जोखिममा रहेका बस्ती स्थान्तरण गर्नका लागि गाँऊपालिका क्षेत्र भित्र सम्भाव्यता अध्ययन गरी सुरक्षित वस्ति विकासका लागि सम्वन्धित निकायमा पहल गरिनेछ।

२. विपद व्यवस्थापन कोष स्थापना र मापदण्ड वनाई राहत वितरण गरिने व्यवस्था मिलाईने छ ।

३. विपद बाट हुने धन जनको क्षति कम गर्न पुर्व तयारी तालिम र विपद योजना बनाइनेछ।

४. विपद व्यस्थापनका लागि सरोकारवालाहरु संग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने नीति लिईन्ने छ।

(झ) अनुगमन तथा मुल्याङ्कन

१. विषयगत अनुगमन समितिको निर्माण,अनुगमन सुचक निर्माण,वार्षिक अनुगमन योजना तयार गरि प्रभाावकारी अनुगमन गरिनेछ। गाँऊपालिकामा कार्यरत सरकारी तथा गैह्र सरकारी संघ सस्थाका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने नीति लिईनेछ।

२. सामुदायीक विद्यालय,सामुदायीक वन,सहकारीहरुको २ बर्षको लेखा श्रेताको अनुगमन गरी प्रतिवेदन तयार गरी पारदर्शिता कायम गर्न निर्देशन गरिने छ ।

३. गाँउपालिकाको ५ वर्षे रणनिति र विकासको गुरु योजना निमार्ण गरिनेछ।

४. भष्ट्राचार न्युनीकरण गर्न जनप्रतिनिधी तथा सरोकारवालाहरुको रोहवरमा सार्वजनिक सुनुवाईलाइ प्रभावकारी कार्यन्वयन गरिनेछ।

५. हरेक योजनाको फोटो सहितको स्थलगत अनुगमन प्रतिवेदन आएपछि मात्र भुक्तानी दिईने व्यवस्था मिलाईने छ।

६. गाँउपालिकाबाट सञ्चालित प्रत्येक योजनाको सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

७. प्रत्येक चौमासिकमा यस गाउपालिका विकास निर्माणका कार्यमा तथा सामाजिक सरोकारमा कार्यमा संलग्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले अनिवार्य रुपमा समिक्षा गर्ने परिपाटी



विरकिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

कडाईका साथ लागु गरिनेछ। यस कार्यका लागि कार्यपालिका सदस्य तथा कर्मचारीहरुको क्षमता विकास तर्फ समेत विशेष ध्यान दिईनेछ।

८. गाउपालिका तथा गाउपालिका भित्रका सार्वजनिक निकायको अनिवार्य रुपमा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाइने छ।

**(ञ) खेलकुद तथा मनोरञ्जन**

१. खेलकुदको समुचित बिकास गर्न गाउपालिका स्तरीय खेलकुद विकास समिति निर्माण गरी उपयुक्त स्थानमा खेलकुद पूर्वाधारको निर्माण गरिनेछ।
२. स्वामीकार्तिक गाउपालिकामा ब्यबस्थित खेलमैदानहरु निर्माण गर्न समन्वय तथा सहकार्य गरिनेछ।
३. गाउपालिका भित्रका युवाहरुको क्षमता अभिवृधि गर्न प्रत्येक वर्ष अध्यक्ष कप प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।

**(ट) लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण**

१. दलित, महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका, वालवालिका, एकल महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
२. बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक ,मनोरञ्जनात्मक र शाहसिक कार्यक्रमहरु संचालन गरिनेछ।
३. बालमैन्त्री स्थानीय शासन अनुरुपका कार्यक्रम संचालन गरी वडालाई तथा गाउलाई बालमैन्त्री गाउ बनाउने। यसरी वालमैत्री वडा घोषणा गर्ने वडालाई गाउपालिका बाट प्रोत्साहन स्वरुप वडालाई थप बजेट ब्यबस्था गरिनेछ।
४. छाउपडी गोठमुक्त अभियानलाई सफल पार्न सचेतना र शिक्षाका माध्यमबाट सामाजिक अपराधको रुपमा लिई छाउपडी गोठमुक्त गाउ निर्माणका लागि गाउपालिका स्तरीय रणनीति तर्जुमा गरिनेछ।
५. अपाङ्ग भएका नागरिकहरुका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
६. मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्रिबितरणमा थप गाउपालिका कर को ब्यबस्था गरिनेछ।
७. बालबिवाह न्युनिकरणकालागि अभियान संचानल गरिनेछ।
८. जोखिममा रहेका अनाथ बालबालिकाको संरक्षण का लागि सेवा केन्द्र संचालन गरिनेछ।
९. सामाजिक सुरक्षा भत्ता लाई बैंक मार्फत वितरण गरिने व्यवस्थाको कुनै वडाबाट यसै आ.व. शुरुवात गरिनेछ।
१०. लैङ्गिक हिँसामुक्त गाउ घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।
११. गाउवासीहरुमा सकारात्मक सोचको विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

**(ठ) बैंक तथा सहकारी**

१. हाल यस गाउपालिकामा संचालनमा रहेका सहकारीहरुको विवरण संकलन गरी तिनलाई उद्देश्यमुलक रुपमा संचालन गर्न प्रेरित गर्नुका साथै सहकारीहरुको नियमन गरिनेछ।
२. सहकारी संघ संस्थाहरुको क्षमता विकास गर्ने र सवै घरपरिवारहरुलाई सहकारीमा आवद्ध हुने वातावरणको सृजना गरिनेछ।
३. नीजि, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा विकास कार्यक्रम अगाडी वढाईने नीति लिईने छ।
४. सहकारीहरुलाई स्थानीय श्रोतको परिचालन गरि आयआर्जन का क्रियाकलाप संचालनमा लगाई व्यवशाय प्रर्वधनमा सहजीकरण गरिनेछ।
५. वैक तथा वित्तिय संस्थाहरुलाई स्वामीकार्तिक गाउपालिकामा आर्कषित गर्ने नीति लिईनेछ।



०७४।०८।०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

६. बैक तथा बित्तीय संस्थाहरुलाई आर्थिक समृद्धिको क्षेत्र तथा युवा स्वरोजगारमुलक कार्यमा लगानी गर्न प्रोतसाहन गरिनेछ ।
७. उच्च प्राविधिक शिक्षा हासिल गर्न चाहने गरिव, जेहेन्दार तथा दलित विद्यार्थीहरुलाई र उद्योग व्यवशाय सञ्चालन गर्ने व्यरोजगार युवाहरुलाई सहकारी मार्फत सुलभ दरमा ऋण दिने व्यवस्था मिलाईने छ ।

### (ड) उद्योग तथा वाणिज्य

१. गाउपालिका क्षेत्र भित्र जडिवुटी, फलफुल तथा जैतुन प्रशोधन केन्द्रको स्थापनाका लागि सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।
२. गाउपालिका भित्रको उपयुक्त क्षेत्रलाई उद्योग क्षेत्रको रुपमा स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
३. घरेलु तथा साना उद्योगको विकास र प्रर्वधनमा जोड दिईनेछ ।
४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा गर्न प्रोत्साहित गरिनेछ ।
५. गाउपालिकामा संचालन भएका तथा हुने कुनै पनि व्यवशाय गाउपालिकामा अनिवार्य दर्ता तथा नविकरण गर्ने नीतिलाई कडाईका साथ लागु गरिने छ ।
६. यस गाउपालिकामा सामाजिक सदभाव कायम गर्नका लागि दर्ता भएका मदिरा पसलहरुलाई कानून बमोजिम व्यवस्थित तथा निमयन गरिने छ भने यस आ.व.मा थप अनुमति नदिने नीति कडाईका साथ लागु गरिने छ ।
७. सार्वजनिक स्थानमा मदिरा सेवन गरी होहल्ला, झैझगडा गर्ने तथा सामाजिक सदभाव खल्वल्याउने व्यक्तिहरु तथा प्रतिवन्धित जुवा तास खेल्ने तथा सार्वजनिक स्थान र वालवालिकाले देख्ने गरी कुनै पनि ठाउँमा जुवा तास खेल्ने खेलाउने लाई कडा कारवाही गरिनेछ ।
८. स्थानीय मदिरा उत्पादनलाई पुर्णतया प्रतिवन्ध लगाईने छ । यसका लागि आमा समुह तथा टोल विकास समितिहरुलाई परिचालित गर्ने नीति लिईने छ । मदिरा तथा जुवाजातमा संलग्न व्यक्तिहरुलाई गाउपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाबाट वञ्चित गर्ने नीति लिईने छ ।

### (ढ) पञ्जिकरण व्यवस्था

१. पञ्जिकरण कार्यहरुलाई ब्यवस्थित गर्न कर्मचारीको ब्यावस्थापन लगायत स्रोत र साधानको उचित ब्ययस्थापन गरिनेछ ।
२. सामाजिक सुरक्ष भत्ता वितरण कार्यलाई बैंकिङ प्रर्णालीमार्फत वितरणका लागि संघीय सरकारको नीति रहेकोमा उक्त नीतिले यस गा.पा.का सबै वडामा यातायातको सुबिधा नरहेको र गाउपालिकामा वित्तिय संस्था समेत नरहेको अवस्थामा लाभान्वित वर्ग ले समस्या भोलिरहको अवस्थामा उक्त कार्यलाई अझै थप सरल र सहज रुपमा वितरण गर्न बैक तथा बित्तिय संस्थाहरु स्थापनामा समेत जोड दिईनेछ ।

### (ण) सुशासन र प्रबर्द्धन

१. उत्कृष्ट काम गर्ने गाउपालिकाका कर्मचारी, करदाता , उपभोक्ता समिति, संञ्चारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतीको बिकास गरी यसलाई निरन्तरता दिईनेछ ।

### (त) संस्थागत बिकास , सेवा प्रवाह र सुशासन

१. गाउ कार्यपालिका कार्यालय ,वडा कार्यालय , विषयगत शाखा कार्यालयहरुका कर्मचारीहरुको कार्यविवरण तयार गरी सेवाग्राहीप्रति उत्तरदायी हुने गरी परिचालित गर्ने नीति लिईने छ । र कर्मचारी आचारसंहिता निर्माण गरी लागु गरिनेछ ।
२. गाउपालिकाको ब्यबस्थित बिकासको लागि सल्लाहाकार तथा विषयविज्ञ जस्ता आवश्वक जनशक्ति प्रचलित कानुन बमोजिम नियुक्त तथा मनोनयन गरिनेछ ।



०७५/०६/०२ गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

३. कर्मचारीहरुलाई गाउपालिकाले तयार गरेको क्षमता बिकास योजना बमोजिम समय सापक्षे बिभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।
४. गाउपालिका का शाखा प्रमुखहरु संग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थलानी गरिनेछ ।
५. कर्मचारीको कार्यसम्पादन मुल्याङ्न गरी उत्कृष्ठ कांम गर्ने लाई सुरस्कृत गर्ने नीति लिईनेछ ।
६. गाउपालिकको संस्थागत विकास योजना निर्माण गरी आवश्यक दरवन्दी सृजना तथा संगठनात्मक ढाचा तयार गरिने छ ।
७. गाउ कार्यपालिका राजश्व शाखा, पञ्जिकरण शाखा लगायत अन्य शाखाहरुको व्यवस्थापन गरिने छ ।
८. गाउ सभा सचालन कार्यबिधि २०७४ मा उल्लेखित मर्यादापालन सम्वन्धि विविध विषयहरुलाई कडाईका साथ पालना मा जोड दिईनेछ ।
९. जननिर्वाचित जनप्रतिनिधीहरुका लागि आचारसंहिता तयार गरी लागु गरिनेछ ।
१०. गाउकार्यपालिका को वैठक संचालन सम्बन्धी कार्यबिधिलाई पालनामा जोड दिईनेछ ।
११. गाउपालिकाको सस्थागत क्षमता बृद्धिका लागि चालु आवमा भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालिलाई व्यवस्थित गर्दै लगिनेछ ।
१२. स्वामीकार्तिक गाउपालिकाको पाश्र्वचित्र तयार भैईसकेको र सोहि वमाजिम आवधिक योजना, गाउ सडक योजना, बिपद व्यवस्थापन योजना, आर्थिक विकास योजना लगायत अन्य आवश्यक योजना तर्जुमा गरी सोहि बमोनिम कार्यान्वयन गरिनेछ ।
१३. संघीय सरकार, प्रादेशिक सरकार र स्थनीय सरकारको ऐन नियमानुसार गाउकार्यपालिकालाई आवश्वक पर्ने स्रोतको व्यवस्था हेरी संगठन संरचना र दरबन्दी श्रृजना गर्न Organization Development अध्ययन गराई सोको आधारमा पदपुर्ति गरिनेछ ।

(द) अन्य

१. आन्तरीक आयमा सवल बनाउन राजश्यमा सुधार गरी सहज सरल र दायरा फराकिलो बनाई सर्बसुलभ बनाउने र करदाता मैत्री वातावरण तयार गरिनेछ ।
२. आन्तरीक आय बुद्धि गर्नका लागि राजश्वका /करका बिभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
३. टेलिफोन टावर , केवन लाईन , होडिङबोर्ड ,संचार माध्यममा प्रशारण हुने विज्ञापनमा कर लगाईने छ ।
४. एकिकृत सम्पतीकरलाई बिस्तार गरी पूर्ण रुपमा लागु गरिनेछ ।
५. गाउपालिकाले बिभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर ,शुल्क ,तथा अन्य दस्तुरहरुलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धीत सरोकारवाला निकायहरुसंग सहकार्य गरिनेछ ।
६. राजश्व शाखा स्थापना गरी सुदुढ गर्ने र व्यवस्थित गर्दै लगिनेछ ।
७. घरनक्सा पासलाई व्यवस्थित वनाउदै लगिनेछ ।
८. गाउ प्रहरीको स्थापना गरिने छ ।
९. गाउपालिका क्षेत्रको शान्ति सुरक्षाका लागि सम्वन्धित निकायहरु संग समन्वय गरिने छ ।

धन्यवाद ॥

प्रमाणित गर्ने
चिरञ्जिवि शाही
अध्यक्ष

०७४।०८।०२

चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

मिति २०७४ साल असोज २ गतेका दिन

मिति २०७४ साल असोज २ गतेका दिन संचालन भएको प्रथम गाउँ सभामा पेश भएका तपशिल बमोजिमका ऐन तथा कार्यविधि निति तथा कायक्रम प्रथम ऐतिहासिक गाउँ सभाले पास गरेको छ ।

तपशिल

१ ) स्वामि कार्तिक गाउँपालिको ऐन कायृविधि
२ ) गाउँपालिकाको विनियोजित ऐनतथा आर्थिक विधयक
३ ) राजश्व परामर्श सीतिको प्रतिवेदन
४ ) स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समितीको प्रतिवेदन
५ ) साविक गाविसमा कार्यरत कर्मचारी म्याद थप
६ ) स्वामि कार्तिक गाउँपालिकाको निति कार्यक्रम तथा बजेट
७ ) स्वामि कार्तिक गाउँपालिकाको आर्थिक ऐन
८ ) स्वामि कार्तिक गाउँपालिकाको विनियोजन ऐन २०७४
९ ) श्रोत अनुगमन तथा बजेट सीमा निर्धारण

क ) स्वार्मिकार्तिक गाउँ कार्यपालिकाको निति कार्य विभाजन नियमवाली २०७४

ख ) स्वामि कार्तिक गाउँपालिकाको कार्य सम्पादन निमावली २०७४

ग ) स्वामि कातृिक गाउँपालिकाको वैठक सञ्चालन सम्वन्धी कार्य विधि २०७४

घ ) स्वामि कार्तिक गाउँ सभा संचालन कार्यविधि २०७४

ङ ) स्वामि कार्तिक गाउँकार्यपालिका को निर्णय वा आदेश अधिकारको प्रमाणित कार्यविधि नियमावली २०७४

च ) स्वामि कार्तिक गाउँपालिकाको पदाधिकारीहरुको आचार संहिता

२०७४/०६/०२

अध्यक्ष

Scanned by CamScanner